मुक्तिक्षेत्र गाउँ
कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०७६/०५/३० गते सोमबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँ सभाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको बिशेष गाउँसभाले तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा निम्नानुसारको प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेप्तेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्म्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री सिता वि.क. | | सीता |
| ११ | श्री छवाङ नाम्म्या गुरुङ | | |
| १२ | श्री टसि छिरिङ गुरुङ | | |
| १३ | श्री कर्साङ आङ्मो गुरुङ | | |
| १४ | श्री कान्छि वि.क. | | |
| १५ | श्री न्होरु गुरुङ | | |
| १६ | श्री दावा छिरिङ गुरुङ | | |
| १७ | श्री शन्त कुमारी कामी | | |
| १८ | श्री सम्दुक गुरुङ | | |
| १९ | श्री धर्पू गुरुङ | | |
| २० | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| २१ | श्री फुल कुमारी विश्वकर्मा | | |
| २२ | श्री ताक्ला गुरुङ | | |
| २३ | श्री न्हुपु गुरुङ | | |
| २४ | श्री देवि गुरुङ | | |
| २५ | श्री मनकुमारी वि.क. | | मनकुमारी |
| २६ | श्री रिङजिन नाम्गेल गुरुङ | | |
| २७ | श्री फुलमाया वि.क. | | |
| २८ | श्री छिरिङ आङ्ग्याल गुरुङ | | |
| २९ | श्री गोविन्द विष्ट | | |
| | अन्य उपस्थिति | | |
| ३० | श्री जनार्दन आचार्य | | |
| ३१ | श्री सूर्य प्रसाद तिमिल्सिना | | |
| ३२ | श्री | | |
| ३३ | श्री | | |
| ३४ | | | |
| ३५ | | | |
| ३६ | | | |
| ३७. | | | |
| ३८. | | | |
| ३९. | | | |
| ४०. | | | |

Scanned with CamScanner

बाराँगुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा
२. कर निर्धारण सम्बन्धमा
३. प्रतिबन्धित क्षेत्र खोल्ने सम्बन्धमा
४. बेसहारा भत्ता सम्बन्धमा
५. बैकल्पिक उर्जाको बजेट सम्बन्धमा
६. पदाधिकारीको बैठक भत्ता तथा जरिवाना सम्बन्धमा
७. करार कर्मचारीको अपुग बजेट सम्बन्धमा
८. मुक्तिनाथ यार्तुङ महोत्सब २०७६ को आय व्यय सम्बन्धमा
९. सह लेखापालको अतिरिक्त भत्ता सम्बन्धमा
१०. सामाजिक सुरक्षा सम्बन्धमा
११. गाउँपालिकाको कृषि,पशुजन्य निकासी, पार्किङ शुल्क लगायतको कर सम्बन्धमा
१२. प्लाष्टिक,शिशा जन्य उत्पादन निषेध सम्बन्धमा
१३. झारकोट आमा समुह र ताङसा सिंचाई पाइपको लागि सहयोग सम्बन्धमा

निर्णय :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकारको ऐन कानुन नबनुन्जेल सम्मका लागि गाउँपालिका भित्रको जग्गा लिजमा दिन सकिने,जसको प्रत्येक बर्ष नबिकरण हुने गरी र बार्षिक शुल्क हेरेफेर गर्न सकिने निर्णय गरियो । कुनै व्यक्ति/संघ/संस्था/फर्म ले कृषि/फलफुल/रोजगार मुलक पर्यटन/पशुपालन/जडिबुटी उत्पादन प्रशोधन/प्राकृतिक श्रोतको प्रयोग,स्की,र्याफ्टिङ,प्याराग्लाइडिङ,रक क्लाइम्बिङ/सौर्य तथा बायु उर्जा लगायतका क्षेत्रमा आवश्यक प्रकृया पुरा गरि जग्गा लिजमा दिन सकिने निर्णय गरियो ।

२. आ.व २०७६/७७ को लागि तपशिल बमोजिमको थप कर निर्धारण गर्ने निर्णय गरियो ।

मुक्तिनाथमा घोडाबाट भएको आम्दानी ५० % स्थानीयलाई,२५% सम्बन्धित वडालाई र २५ % आय गाउँपालिकालाई हुने गरि कर संकलन गर्ने निर्णय गरियो ।त्यस्तै झारकोट तोरा जुस उत्पादनबाट हुने आम्दानीबाट यस बर्ष १० हजार संकलन गर्ने निर्णय गरियो । त्यस्तै हेलिप्याड पार्किङ बापत प्रति हेलिकप्टर २००० का दरले लिने र गाउँपालिकालाई २५००० बुझाउने गरि रानीपौवा गाउँलाई जिम्मा दिने निर्णय गरियो ।त्यस्तै यार्सागुम्बा र जिम्बु संकलनको ठेक्काको जिम्मा सम्वन्धित गाउँलेलाई नै दिने र सो बाट भएको आम्दानीको ५० प्रतिशत गाउँलेलाई,२५ प्रतिशत सम्वन्धीत वडालाई र २५ प्रतिशत कर गाउँपालिकाले लिने निर्णय गरियो ।छुसाङ र कागबेनीमा हुने गिटी बालुवाको कर संकलनको जिम्मा सम्बन्धित गाउँलेले नै लिने र सो बाट भएको आम्दानीको छुसाङबाट १०००० र कागबेनीबाट हुने संकलन बापत ५०००० लिने निर्णय गरियो ।त्यस्तै सेर्थाङ सेल्फी पार्कमा व्यवसायको लागि कागबेनी गाउँकै व्यक्ति/फर्म/संस्थालाई जिम्मा दिने र सो बापत २५००० लिने निर्णय गरियो । त्यस्तै सार्वजनिक जग्गामा स्याउ लगायत अन्य खेति गरे बापत प्रति रोपनी १०० का दरले लिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका भित्रको वडा नं. ३ हाल सम्म पनि अन्नपूर्ण संरक्षण क्षेत्रको प्रतिबन्धित क्षेत्र रहेकोले आजको मिति देखि उक्त क्षेत्र गाउँपालिकाको तर्फबाट आजका मिति देखि प्रतिबन्धित क्षेत्रको सूचीबाट हटाउने निर्णय गरियो । साथै उक्त क्षेत्र लाई पर्यटन बिभागबाट समेत प्रतिबन्धित सूचीबाट हटाउनको लागि पहल गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागबेनी, मुस्ताङ
गण्डकी प्रदेश

४. प्रस्ताब नं. ४ माथि छलफल गर्दा गाउँपालिका भित्रका अन्य सामाजिक सुरक्षा भत्ता नबुझेका बेसाहारा व्यक्तिलाई प्रतिव्यक्ति २००० का दरले सामाजिक सुरक्षा बापत बेसहारा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

५. प्रस्ताब नं. ५ माथि छलफल गर्दा आ.व. २०७६/७७ मा राष्ट्रिय ग्रामिण तथा नबिकरणीय उर्जा कार्यक्रम बाट शसर्तमा आएको बजेट आवश्यकता अनुसार विद्यालय/गुम्बामा बैकल्पिक उर्जाको ब्यबस्थापन गर्न प्रयोग गर्ने निर्णय गरियो ।

६. प्रस्ताब नं. ६ माथि छलफल गर्दा गाउँ कार्यपालिका तथा गाउँ सभा बैठकमा उपस्थित हुने वडा नं. १,२ ,३ र ५ का अन्य सवारी सुबिधा नलिएका जनप्रतिनिधिलाई ५०० का दरले यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।साथै बैठकमा उपस्थित नहुने जनप्रतिनिधिलाई बिशेष कारण बाहेक कार्यपालिका सदस्यलाई २००० र गाउँसभा सदस्यलाई १००० जरिवाना लगाउने र तलब मार्फत कट्टा गर्ने निर्णय गरियो ।

७. प्रस्ताब नं. ७ माथि छलफल गर्दा गाउँपालिकाका करार कर्मचारीलाई अपुग रकम छोर्तेन मर्मत शिर्षकमा छुट्याएको ५ लाख कटौती गरि साथै आन्तरिक श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताब नं. ८ माथि छलफल गर्दा मुक्तिनाथ यार्तुङ महोत्सव २०७६ को लागि २० लाख बिनियोजन गरिएकोमा अपुग रकम १५ लाख ५० हजार अन्य कुनै शिर्षकबाट थप बिनियोजन गर्ने र उक्त रकम गाउँपालिका अध्यक्ष फेन्चोक छेप्तेन गुरुङको नाममा भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताब नं. ९ माथि छलफल गर्दा गाउँपालिकामा कर्मचारीको अभाब भएका कारण कार्यबोझ धेरै भएकाले गाउँपालिकामा सह लेखापालको रुपमा कार्यरत बलेन्द्र राम हरिजनलाई २०७६ श्रावण देखि मासिक १५ हजार का दरले भत्ता स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताब नं. १० माथि छलफल गर्दा आ.व २०७५/७६ मा वडामा दर्ता भएर पनि छुटेका सेवाग्राही वडा नं. ५ निबासी टसी गुरुङ र वडा नं. ४ निबासी फुल कुमारी गुरुङलाई वडाध्यक्षको सिफारिस अनुसार छुट सामाजिक सुरक्षा भत्ता बिबिध खर्चबाट उपलब्ध गराउने निर्णय गरियो ।

११. प्रस्ताब नं. ११ माथि छलफल गर्दा २०७६ भाद्र १३ गते बसेको गाउँ सभाको निर्णय अनुसार स्थगित भएको कृषिजन्य,पशुजन्य निकासी एबम पार्किङ शुल्कको ठेक्का सम्बन्धी सूचनाको सम्बन्धमा छलफल गर्दा कृषि जन्य र पशु जन्य निकासीको लागि ३ दिन म्याद रहने गरी पुन : सूचना प्रकाशित गर्ने साथै मुक्तिनाथ पार्किङ ठेक्का बापत ७ लाख र कागबेनी पार्किङ ठेक्का बापत २ लाख ५० हजार गाउँपालिकालाई बुझाउने गरि यो बर्षको लागि मुक्तिनाथ पार्किङ शुल्क ठेक्का रानीपौवा गाउँलेलाई र कागबेनी पार्किङ शुल्क उठाउन कागबेनी गाउँलेलाई जिम्मा दिने निर्णय गरियो ।

१२. प्रस्ताब नं. १२ माथि छलफल गर्दा गाउँपालिकालाई प्लाष्टिक जन्य तथा शिशा मुक्त बनाउनको लागि आवश्यक कर्मचारी नियुक्ति गर्ने र सर्बदलीय बैठक बोलाउने निर्णय गरियो ।

१३. प्रस्ताब नं. १३ माथि छलफल गर्दा झारकोट आमा समुह र ताङसा सिंचाई पाइपको लागि आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner